आकाशवाणी समाचार
4TH of Dec 2025

मुख्य समाचार

1. रुसका राष्ट्रपति भारतको दुईदिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्दै
2. वैश्विक अनिश्चितताका बीच भारत–रुस सम्बन्ध थप मजबूत: रक्षा मन्त्री राजनाथ सिंह
3. अन्तर्राष्ट्रिय चीता दिवसमा प्रधानमन्त्री मोदीद्वारा संरक्षणकर्तालाई शुभकामना
4. एसआईआरको दोस्रो चरणमा 50 करोडभन्दा बढी गणना प्रपत्र वितरण
5. राज्यसभामा केन्द्रीय उत्पादन शुल्क संशोधन विधेयक 2025 पेश, तमाखुजन्य वस्तुहरूमा शुल्क ठूलो मात्रामा वृद्धि प्रस्ताव

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन भारतको दुईदिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्दै

रुसका राष्ट्रपति भ्लादिमिर पुटिन आज दुईदिने भारत भ्रमणका लागि नयाँ दिल्ली आइपुगनुभयो। उहा 23औँ भारत–रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुनुहुनेछ। भोलि उहाको प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता हुनेछ। दुवै नेताहरू पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी विषयहरूमा विचार–विमर्श गर्नेछन्। राष्ट्रपति पुटिनको भ्रमणका क्रममा व्यापार, अर्थतन्त्र, स्वास्थ्य, शिक्षा, संस्कृति र सञ्चारसहितका विभिन्न क्षेत्रमा दुवै देशबीच धेरै समझदारीपत्रहरूमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। यस भ्रमणले दुवै देशका शीर्ष नेतृत्वलाई द्विपक्षीय सम्बन्धको प्रगतिमा समीक्षा गर्ने तथा विशेष रणनीतिक साझेदारीलाई अझ सुदृढ गर्ने अवसर प्रदान गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति पुटिनबीच हुने वार्षिक शिखर सम्मेलन दुवै देशबीचको रणनीतिक साझेदारीको सर्वोच्च संवाद संयन्त्र मानिन्छ। अहिलेसम्म 22 शिखर सम्मेलनहरू भारत र रुसमा पालैपालो सम्पन्न भइसकेका छन्।

नौसेना दिवसमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा शुभकामना

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले नौसेना दिवसको अवसरमा नौसेना कर्मी, पूर्व सैनिक तथा उहाका परिवारजनलाई शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत राष्ट्रपति मुर्मुले व्यापारिक समुद्री मार्गहरूको सुरक्षा, नीलो अर्थतन्त्रलाई सुदृढ बनाउनका प्रयासदेखि मानवीय उद्धार अभियानसम्म—भारतीय नौसेना अनुशासन, करुणा र जिम्मेवारीको प्रतीक रहेको बताउनु भएको छ। उपराष्ट्रपति राधाकृष्णनले भारतीय नौसेना देशको समुद्री शक्ति, सतर्कता र राष्ट्रिय हितको सुरक्षाप्रति यसको अटल प्रतिबद्धता झल्किने संस्था भएको उल्लेख गर्नुभयो। यसैगरि, प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत यो वर्षको दिपावली आफूले नौसेना जवानहरूसँग आईएनएस विक्रान्तमा मनाएको सम्झिँदै त्यसलाई अविस्मरणीय अनुभव बताउनुभएको छ। नौसेना कर्मीहरूलाई शुभकामना दिँदै उहाले भारतीय नौसेना असाधारण साहस, दृढ संकल्प र समर्पणको पर्याय भएको बताउभएको छ। उहाले हालका वर्षहरूमा आत्मनिर्भरता र नौसेनाको आधुनिकीकरणमा केन्द्रित प्रयासले देशको सुरक्षा प्रणालीलाई थप मजबुत बनाएको उल्लेख गर्नुभएको छ।

## वैश्विक अनिश्चितताका बीच भारत–रुस सम्बन्ध थप मजबूत: रक्षा मन्त्री राजनाथ सिंह

रक्षा मन्त्री राजनाथ सिंहले वैश्विक अनिश्चितता हुँदाहुँदै पनि भारत–रुस सम्बन्ध निरन्तर सुदृढ बन्दै गएको बताउनुभएको छ। उहाले रुसलाई भारतको समय–परीक्षित विशेष तथा रणनीतिक साझेदारको रूपमा वर्णन गर्नुभयो। श्री सिंहले 2000 मा भारत–रुस रणनीतिक साझेदारी घोषणापत्रमा हस्ताक्षर भएदेखि दुवै देशबीच द्विपक्षीय रक्षा सहयोगमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो।

## अन्तर्राष्ट्रिय चीता दिवसमा प्रधानमन्त्री मोदीद्वारा संरक्षणकर्तालाई शुभकामना

प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तर्राष्ट्रिय चीता दिवसको अवसरमा सबै वन्यजनावर प्रेमीहरू र चीताको संरक्षणमा समर्पित संरक्षणकर्मीहरूलाई शुभकामना दिनुभएको छ। सामाजिक सञ्जालमार्फत उहाले चीतालाई पृथ्वीका महत्वपूर्ण वन्यजनावरमध्ये एक भन्दै, तीन वर्षअघि सुरु भएको 'प्रोजेक्ट चीता' को सफलताको स्मरण गर्नुभयो। उहाका अनुसार चीताको सुरक्षा सुनिश्चित गर्न तथा तिनीहरू स्वाभाविक रूपमा फस्टाउन सक्ने पारिस्थितिकी तन्त्र पुनर्स्थापना गर्ने उद्देश्यले परियोजना अघि बढाइएको हो। श्री मोदीले यसलाई हराउँदै गएको पारिस्थितिक सम्पदा पुनर्जीवित गर्ने र भारतको जैविक विविधता सुदृढ बनाउने महत्वपूर्ण प्रयासको रूपमा वर्णन गर्नुभयो।

## एसआईआरको दोस्रो चरणमा 50 करोडभन्दा बढी गणना प्रपत्र वितरण

निर्वाचन आयोगले विशेष गहन पुनरीक्षण (एसआईआर) को दोस्रो चरण सुरु भएपछि हालसम्म 50 करोड सन्तानबे लाखभन्दा धेरै गणना प्रपत्र मतदाताहरूमा वितरण गरिएको जनाएको छ। यस चरणमा रहेका करिब 51 करोड मतदातामध्ये 99.83 प्रतिशत मतदाता यस प्रक्रियामा सहभागी भएको आयोगले बताएको छ। आयोगका अनुसार अहिलेसम्म करिब सैतालिस करोड प्रपत्र डिजिटलाइज गरिएको छ। मतदाता सूची पुनरीक्षणको एसआईआरको दोस्रो चरण यही महिना 4 तारिखदेखि नौ राज्य र तीन केन्द्रशासित प्रदेशमा सुरु गरिएको हो। मतदाता सूचीको यो व्यापक पुनरीक्षण आगामी वर्ष फेब्रुअरी 14 मा अन्तिम मतदाता सूची सार्वजनिक भएपछि सम्पन्न हुनेछ।

## राज्यसभामा केन्द्रीय उत्पादन शुल्क संशोधन विधेयक 2025 पेश, तमाखुजन्य वस्तुहरूमा शुल्क ठूलो मात्रामा वृद्धि प्रस्ताव

केन्द्रीय उत्पादन शुल्क संशोधन विधेयक, 2025 राज्यसभामा पेस गरिएको छ। प्रस्तावित कानुनको उद्देश्य केन्द्रीय उत्पादन शुल्क अधिनियम, 1944 मा संशोधन गर्नु हो। यसमा विशेष गरी सिगरेट, सिगार, हुक्का तमाखु, चपाउने तमाखु, जरदा तथा सुगन्धित तमाखु जस्ता तमाखुजन्य वस्तुहरूमा उत्पादन शुल्क तथा उपकर बढाउने प्रावधान समावेश छन्। विधेयकको मुख्य उद्देश्य कच्चा तमाखु, प्रशोधित तमाखु, तमाखुजन्य वस्तु तथा तमाखुको विकल्पहरूमा केन्द्रीय उत्पादन शुल्क वृद्धि गर्नु हो। हाल केन्द्रीय उत्पादन शुल्क अधिनियम, 1944 अनुसार प्रति हजार सिगरेटमा 200 रुपैयाँदेखि 735 रुपैयाँसम्म शुल्क लगाइन्छ। तर विधेयकले यो शुल्क बढाएर प्रति हजार सिगरेटमा 2,700 रुपैयाँदेखि 11,000 रुपैयाँसम्म पुऱ्याउने प्रस्ताव

गरेको छ। वित्त राज्य मन्त्री पंकज चौधरीले विधेयक सदनमा प्रस्तुत गर्नुभयो। लोकसभाले यसलाई पहिले नै पारित गरिसकेको छ।

## राजधानीमा प्रदूषण नियन्त्रणका लागि नयाँ मिस्ट–स्प्रे सिस्टमको शुभारम्भ

राजधानीलाई प्रदूषण–मुक्त बनाउन लक्षित अभियानअन्तर्गत मुख्यमन्त्री रेखा गुप्ताले आज आईटीओस्थित नयाँ मिस्ट स्प्रे सिस्टमको उद्घाटन गर्नुभयो। यो प्रणाली सञ्चालनमा आएपछि धुलो नियन्त्रणमा सहजता आउने र वायु गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ। निरीक्षणका क्रममा मुख्यमन्त्री गुप्ताले अधिकारीहरूसँग यसका कार्यप्रणाली, प्रभावकारिता तथा क्षेत्रमा धुलो कमीबारे विस्तृत जानकारी लिनुभयो। उहाहरूले दिल्ली प्रदूषण नियन्त्रण समितिलाई निर्देशन दिँदै प्रदूषण नियन्त्रण वा सरसफाईमा लापरबाही गर्ने सरकारी निकायमाथि तत्काल चालान काटेर जरिवाना आकार्न तथा अनधिकृत रूपमा सडक काट्ने वा समयमा पुनः निर्माण नगर्ने संस्थाविरुद्ध एफआईआर दर्ता गर्न आदेश दिनुभएको छ। यसैबीच, पर्यवरण मन्त्री मनजिन्दर सिंह सिरसाले पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रिय राजधानी क्षेत्रका सबै उद्योगलाई अनिवार्य रूपमा अनलाइन सतत उत्सर्जन निगरानी प्रणाली (Continuous Emission Monitoring System) जडान गर्न निर्देशन दिइएको जानकारी दिनुभयो। उहाले भन्नुभयो कि 31 डिसेम्बरसम्म यो प्रणाली जडान नगर्ने प्रदूषणकारी उद्योगहरूलाई स्थायी रूपमा बन्द गरिनेछ।

## मुख्य समाचार फेरि एकपल्ट

1. रुसका राष्ट्रपति भारतको दुईदिने राजकीय भ्रमणमा आज नयाँ दिल्ली आइपुग्दै
2. वैश्विक अनिश्चितताका बीच भारत–रुस सम्बन्ध थप मजबूत: रक्षा मन्त्री राजनाथ सिंह
3. अन्तर्राष्ट्रिय चीता दिवसमा प्रधानमन्त्री मोदीद्वारा संरक्षणकर्तालाई शुभकामना
4. एसआईआरको दोस्रो चरणमा 50 करोडभन्दा बढी गणना प्रपत्र वितरण
5. राज्यसभामा केन्द्रीय उत्पादन शुल्क संशोधन विधेयक 2025 पेश, तमाखुजन्य वस्तुहरूमा शुल्क ठूलो मात्रामा वृद्धि प्रस्ताव